# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्र विक्रम शाह श्रीलंकाको राजधानी कोलम्वोमा हुने दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को स्थायी समितिको विशेष बैठकमा भाग लिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री जयप्रताप राणालाई मिति २०४९।१।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४८।५।२१ को निर्णयानुसार गठित राष्ट्रिय योजना आयोगमा मिति २०४८।१२।२४ को निर्णयानुसार निम्न पदाधिकारीहरूलाई समावेश गरेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरेको छ ।

मुख्य सचिव, मन्त्रिपरिषद् सचिवालय – पदेन सदस्य

अर्थ सचिव, अर्थ मन्त्रालय – पदेन सदस्य

आज्ञाले,
रजनीनाथ प्याकुर्याल
श्री ५ को सरकारको अतिरिक्त सचिव

९१२



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४८।१२।२ को निर्णयानुसार देहायका व्यक्तिहरूलाई नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, विल्डिङ एण्ड आर्किटेक्ट उपसमूहको रा.प.तृ.प्रा. (शाखा अधिकृतस्तर) को अ.ई. पदबाट सोही सेवा, समूह र उपसमूहको रा. प. द्वि. (सहायक सचिवस्तर) को डिभिजनल इन्जिनियर पदमा बढुवा नियुक्ति गरी निम्नानुसार पदस्थापन गरिएको छ ।

| सि. नं. | नाम, थर | पदस्थापन गरिएको कार्यालय |
|---|---|---|
| १. | श्री गिरीजाप्रसाद गोर्खाली | भवन र आवास तथा शहरी विकास शाखा, तनहुँ । |
| २. | श्री बोधप्रसाद पौडेल | भवन र आवास तथा शहरी विकास शाखा, कपिलवस्तु । |
| ३. | श्री कृष्णराज पाण्डे | भवन र आवास तथा शहरी विकास शाखा, सुर्खेत । |

### सूचना २

श्री ५ को सरकार (म.प.) को मिति २०४८।१२।१३ को निर्णयानुसार देहायका व्यक्तिहरूलाई नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहको रा. प. द्वि. प्रा. (उप-सचिवस्तर) को सिनियर डिभिजनल इन्जिनियर पदबाट सोही सेवा, समूह र उपसमूहको रा. प. प्रथम प्रा. (सह-सचिवस्तर) को क्षेत्रीय निर्देशक पदमा बढुवा नियुक्ति गरी निम्नानुसार पदस्थापन गरिएको छ ।

| सि.नं. | नाम, थर | पदस्थापन गरिएको कार्यालय |
|---|---|---|
| १. | श्री सोहनसुन्दर श्रेष्ठ | मध्यपश्चिमाञ्चल खानेपानी क्षेत्रीय निर्देशनालय, सुर्खेत । |
| २. | श्री दिनेशचन्द्र प्याकुरेल | पूर्वाञ्चल खानेपानी क्षेत्रीय निर्देशनालय, धनकुटा । |

आज्ञाले,
तेजप्रसाद उपाध्याय
श्री ५ को सरकारको सचिव



993

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।